**Concept note on**

# National Dialogue on Governance Conflicts and Cooperation in Federal Nepal

Centre for Social Change
June 2024

## Introduction

With promulgation of the 2015 Constitution and adoption of a federal governance framework, three tiers of electoral and democratic participation across geographical and political jurisdiction were introduced in Nepal. 753 local levels have been delegated to most of the authorities to reach the grassroot level.

According to part 5, article 59 of the constitution (2015), local level governments have sole authority to form their own laws, policies, formulate annual budget, develop plans and implement them. However, this scope for engagement of democratic values has also introduced possibilities of ideological, functional as well as systemic disagreements. Also, working against the background of waves of political instabilities, authoritative power struggles, political agenda and societal as well as regional disparities, effective functioning of federal governance system currently faces some evident and some underlying potentials of governance conflict. The effects of these governance conflicts can be observed in growing civil unrest and dissatisfactions.

The essence of federalism is based on the principle of cooperation, coexistence and coordination of three levels of government. However, due to the lack of necessary laws and policies and ambiguity in the implementation of the laws, intergovernmental disputes have increased. In concept, governance conflicts can be potentially addressed by taking initiatives to formulate laws and policies that clearly define and implement the roles of the three tier of government bodies, as defined by the constitution for which, but this requires proactiveness of lawmaking, judicial and relevant constitutional bodies. Also, mere interpretation and declaration of roles and responsibilities may not be sufficient to achieve better intergovernmental relationships. For this, capacities of each actor need to be ensured and enhanced to be able to proficiently execute their designated functions.

## Role of CSC in intergovernmental conflict transformation

Due to severe lack of research, database and evidence-based attempts to identify the root causes of governance related conflicts in young federal Nepal, and their solutions. To fill this gap, Center for Social Change (CSC) has been consistently working in the past few years, to closely study and

monitor the governance related conflicts in Nepal, with larger focus on four areas- Natural Resources, Development, Ethnocultural and Political conflicts. Furthermore, CSC in coordination with various local levels has been actively conducting local level dialogues on local issues relevant to the four areas of focus.

Also, findings, learnings and knowledge obtained from these activities is continuously disseminated to the public through various forms of publications like study report, infographics, blog articles, etc. through Governance Monitoring Centre (GMC Nepal). GMC Nepal is a monitoring mechanism that aims to deconstruct the existing and potential intergovernmental conflicts as well as conflicts between people and state and share those evidence among key stakeholders responsible in its transformation or resolution mechanisms.

**The objectives of this dialogue are:**

- To share major findings from GMC Nepal's initiatives and sensitize relevant stakeholders on the most prominent intergovernmental conflicts.
- Bring the state representatives, development partners, private sectors, policymakers, academia, and other related stakeholders on same platform to foster effective dialogue
- To identify major intergovernmental conflicts and citizens' dissatisfactions around the current function of the governance and seek action driven solutions to those conflicts through cooperation.

**Key Discussion points**

- Are conflicts related to governance processes and system as a whole increasing in recent times? If yes, what can be the reasons?
- What are the existing mechanisms (local/ provincial/ central) relevant to resolving governance conflicts?
- How can cooperation be used as a measure to transform or resolve governance related conflicts?

# संघीय नेपालमा शासन प्रक्रियासँग सम्बन्धित द्वन्द्व तथा सहकार्यको अवस्था विषयमा संवाद

## पृष्ठभूमि

नयाँ संविधान जारी भए सँगै नेपालमा संघीय शासन प्रणालीको स्थापना भयो। संविधानको भाग ५ अनुसार संघ, प्रदेश र स्थानीय तह गरी नेपालमा तीन तहका सरकार बने, जसमा ७५३ स्थानीय तहहरूलाई तल्लो तहसम्म पुग्न सबैभन्दा धेरै अधिकार प्रत्यायोजन गरेको छ। संविधानको धारा ५९ अनुसार तिनै तहलाई आर्थिक अधिकारसम्बन्धी कानुन बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना बनाएर कार्यान्वयन गर्ने पाउने अधिकार दिइएको छ। यद्दपी अधिकारको कार्यान्वयनको क्रममा अबको दिनमा वैचारिक, कार्यगत तथा प्रणालीगत भिन्नताको कारण द्वन्द्व मौलाउन सक्ने अवस्था रहेको छ। राजनीतिक अस्थिरता, शक्ति संघर्ष, फरक राजनीतिक एजेन्डा र सामाजिक तथा क्षेत्रीय असमानताका कारण संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमा ठुलो चुनौती थपिएको छ। जसले गर्दा आगामी दिनहरूमा सुषुप्त अवस्थामा रहेका शासन प्रक्रियासँग सम्बन्धित अन्तर द्वन्द्व सतहमा आउने र भड्किने सम्भावना निकै रहेको छ। यस्ता द्वन्द्वको प्रभाव नागरिकहरूमा पनि प्रत्यक्षरूपमा परेको देखिन्छ र सरकारहरू प्रति असन्तुष्टि बढ्दै गएको देखिन्छ।

सङ्घीयताको मूल मर्म नै तीन तहको सरकारको सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ। यद्यपि, आवश्यक कानुन तथा नीतिको अभाव र बनेका कानुनहरूको कार्यान्वयनमा अन्योलताको कारण आ-आफ्नो अधिकार प्रयोग गर्ने क्रममा अन्तर सरकार विवाद/ द्वन्द्व बढेको छ। संविधानले परिभाषित गरे अनुसार तीन तहका सरकारी निकायहरूको भूमिकालाई स्पष्ट रूपमा परिभाषित र कार्यान्वयन गर्ने कानुन र नीतिहरू तर्जुमा गर्न पहल गरि सम्भावित अन्तर सरकार द्वन्द्वलाई सम्बोधन गर्न सकिन्छ। अन्तर सरकार सम्बन्ध सुधारका लागि भूमिका र जिम्मेवारीको व्याख्या मात्रले नपुग्न सक्छ। यसका लागि कानुन निर्माता अनि सम्बन्धित संबैधानिक निकायको सक्रियताका साथै सबै सरोकारवाला पक्षहरूको क्षमता अभिबृद्धि गर्न पनि आवश्यक छ।

## द्वन्द्व रूपान्तरणमा सामाजिक परिवर्तन केन्द्रको भूमिका

शासन प्रक्रियामा देखिएका यस्ता द्वन्द्वहरूको अहिलेसम्म कुनै तथ्यांक, विस्तृत अध्ययन, अनुसन्धान तथा विश्लेषण गरेको पाइएको छैन। अध्ययन अनुसन्धानको अभावले यस्ता द्वन्द्वहरूको मूल कारणको पहिचान तथा सम्भावित समाधानको खोज हुन सकेको छैन। यसै अभावलाई परिपूर्ति गर्न सामाजिक परिवर्तन केन्द्रले सङ्घीय संरचना बनेपछि शासन प्रक्रियामा देखिएका द्वन्द्व तथा भविष्यमा आउन सक्ने सम्भावित द्वन्द्वहरूको

केही वर्षदेखि प्रारम्भिक अध्ययन तथा अनुगमन गर्दै आएको छ । विशेष गरी सामाजिक परिवर्तन केन्द्रले शासन प्रणाली र प्रक्रियासँग सम्बन्धित प्रमुख चार क्षेत्र- प्राकृतिक स्रोत, विकास निर्माण, राजनीतिक र जातीय-संस्कृतिसँग सम्बन्धित द्वन्द्वहरूको विस्तृत अध्ययन तथा अनुगमन गर्दै आएको छ । साथै, यस केन्द्रले समय-समयमा विभिन्न पालिकाहरूको समन्वयमा स्थानीय द्वन्द्वसँग सम्बन्धित मुद्दाहरूमा सरोकारवालाबिच संवाद गर्ने र समाधानको पहल गर्दै आएको छ ।

यस्ता कार्यक्रमबाट आएको नतिजा, सिकाइ र ज्ञानहरूलाई अध्ययन प्रतिवेदन, लेख तथा इन्फ्रोग्राफिकहरूमार्फत निरन्तर Governance Monitoring Centre-Nepal (GMC Nepal) मार्फत प्रचार तथा प्रकाशन गर्दै आएको छ । GMC Nepal शासन प्रणाली अनुगमन संयन्त्र हो जसले विद्यमान र सम्भावित अन्तरसरकारी द्वन्द्वका साथै नागरिक र राज्यबीचको द्वन्द्वलाई चिरफार गर्ने, अध्ययनको नतिजा जिम्मेवार सरोकारवालाहरूबीच सेयर गर्ने, प्रतिक्रिया लिने र द्वन्द्व न्यूनीकरण/ रूपान्तरणका लागि कस्ता उपायहरूको अवलम्बन गर्न सकिन्छ, सोबारे छलफल गर्ने गर्दछ ।

**उद्देश्य**

१. शासन प्रक्रिया सञ्चालनमा सरकारहरू बीच देखिएका अन्तर द्वन्द्वहरूको अध्ययनको नतिजाबारे सम्बन्धित सरोकारवालाहरूलाई जानकारी दिई, सचेत गराउने ।

२. तिनै तहका सरकारका प्रतिनिधिहरु, निजी क्षेत्र, नीति निर्माताहरू, विकास साझेदारहरु, प्राज्ञिक क्षेत्र र अन्य सरोकारवालाहरूलाई एकै थलोमा ल्याएर समीक्षा गर्ने, विचारहरूको आदानप्रदान सहित प्रभावकारी संवादको वातावरण सिर्जना गर्ने ।

३. तहगत सरकारहरूबिच हुने अन्तरद्वन्द्वहरू तथा शासन प्रक्रिया सञ्चालनमा देखिएका नागरिकहरूका असन्तुष्टिहरुको विश्लेषण गर्दै र सम्भावित समाधानका उपायहरू पहिचान गर्ने ।

**छलफलका बुँदाहरू**

- हाल शासन प्रकिया संचालनसँग सम्बन्धित द्वन्द्वहरू बढेको हो ? यसका कारणहरू के हुन् ?
- यस्ता द्वन्द्व समाधानका लागि के कस्ता संयन्त्र छन् (औपचारिक/ अनौपचारिक) (स्थानीय तह, प्रादेशिक तह र संघीय तहमा)?
- कसरी सहकार्य मार्फत यस्ता द्वन्द्वहरूको रुपान्तरण वा समाधान गर्न सकिन्छ?